नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौं

पत्र संख्या:२०७५/७६
चलानी नं.: ८३८

मिति : २०७६/०२/२८

विषय:- सहयोग गरिदिने सम्बन्धमा ।

श्री स्थानीय तह, सबै ।

प्रस्तुत विषयमा सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षण सम्बन्धी जाँजबुझ आयोगको च.नं. ०४, मिति २०७६/०२/२० को पत्र संलग्न छ । सो सम्बन्धमा आवश्यक सहयोग र समन्वय गरिदिनुहुन आदेशानुसार अनुरोध छ ।

.............................................

जनकराज शर्मा
(शाखा अधिकृत)

**बोधार्थ:**

श्री सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षण सम्बन्धी जाँचबुझ आयोग, सिंहदरबार, काठमाण्डौं ।
श्री सूचना तथा प्रविधि शाखा: website मा upload गरिदिनु हुन ।

# सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षण सम्बन्धी जाँचबुझ आयोग, २०७६

सिंहदरबार, काठमाण्डौ

प.सं. ०७६/०७७

च.नं. ०४

मितिः २०७६।०२।२०

**विषयः विवरण उपलब्ध गराईदिने सम्बन्धमा ।**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ ।

जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३(२) बमोजिम नेपाल सरकारबाट गठित सरकारी, सार्वजनिक र गुठी जग्गा संरक्षण सम्बन्धी जाँचबुझ आयोगको कार्यालय सिंहदरबार परिसरभित्र केन्द्रीय सर्भिस सेन्टरको भवनमा स्थापना गरिएको व्यहोरा जानकारीको लागि अनुरोध छ ।

यस आयोगको कार्यक्षेत्रसँग सम्बन्धित देहायका विषयहरुमा सत्यतथ्य विवरण आयोगलाई उपलब्ध गराई सहयोग गर्नको लागि सबै स्थानीय तहहरुलाई तँहाबाट पत्राचार गरिदिनु हुन आदेशानुसार अनुरोध छ ।

तपसिल

१. स्थानीय तहको क्षेत्रभित्र रहेका कुनै पनि सरकारी, सार्वजनिक र गुठी जग्गाहरु हिनामिना वा अतिक्रमण भएको सम्बन्धमा ।
२. नेपाल सरकारले सार्वजनिक हितको लागि समय-समयमा अधिग्रहण तथा जफत गरिएका जग्गाहरु हिनामिना भएको सम्बन्धमा ।

२०७६/२/२०

सुशीला पौडेल (ढकाल)
उपसचिव